# स्थानीय राजपत्र

**रैनादेवी छहरा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ४, रैनादेवी छहरा, मितिः २०८०/०४/०४, संख्याः १**


## भाग–२

### रैनादेवी छहरा गाउँपालिका

**कार्यविधिको नाम : रैनादेवी छहरा गाउँपालिकाका युवा तथा खेलकुद विकास कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०३/२९

**प्रस्तावनाः**

रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र रहेका युवाहरूको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरूलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगार बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रूपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार

जीतलाई सहज रूपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रूपमा देशको पहिचान गराउन/गर्न वाञ्छनीय भएकोले रैनादेवी छहरा गाउँकार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद –१
## नाम र परिभाषा

१) **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "रैनादेवी छहरा गाउँपालिका खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०८०" रहने छ।

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले "रैनादेवी छहरा गाउँपालिका, गाउँ खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि ,२०८०" भन्ने सम्झनुपर्छ।

ख. "पालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित गाउँ खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ।

ग. "टिम, क्लब, संघ, संस्था र समिति" भन्नाले रैनादेवी छहरा गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका रैनादेवी छहरा पालिका क्षेत्र भित्रका टिम, क्लब समिति र संघ संस्थाहरू भन्ने सम्झनु पर्छ।

घ. "खेलाडी" भन्नाले टिम, क्लब, संस संस्थासंग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

ङ. "प्रशिक्षार्थी" भन्नाले पालिका खेलकुद विकास समिति द्वारा संचालित खेलकुद प्रशिक्षकमा सहभागी  खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ।

च. "प्रशिक्षक" भन्नाले रैनादेवी छहरा पालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी भई प्रशिक्षण गर्न सक्ने व्यक्ती वा सम्बद्ध विषयगत  खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ।

छ.  "पालिका" भन्नाले रैनादेवी छहरा गाउँपालिकालाई सम्झनु पर्छ।

ज. "कार्यापालिका" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

झ. "अध्यक्ष" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको गाउँपालिका अध्यक्ष लाई सम्झनु पर्छ।

ञ. "अधिकृत" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत  वा तोकिएको अधिकृतलाई  सम्झनु पर्छ।

ट. "पदाधिकारी सदस्य" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको गाउँ खेलकद विकास समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ।

## परिच्छेद –२
## उद्देश्य

### ३) गाउँ खेलकुद विकास समिति उद्देश्यहरू

क. रैनादेवी छहरा गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने।

ख. बिभिन्न विधाका खेलाडीहरूको पहिचान गरि  प्रोत्साहन गर्ने।

ग. निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने।

## परिच्छेद –३
## गठन र बैठक कार्यक्रम

**४) पालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम**

अ. खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट गाउँपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा गाउँ खेलकुद समिति गठन गर्नेछ।

क. खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट प्रमुखले मनोनित गरेका – १ जना - सदस्य

ख. स्थानीय खेलप्रेमी वा प्रशिक्षक मध्येबाट प्रमुखले तोकेको कम्तीमा एक महिला सदस्य सहित – सदस्य २ जना

ग. स्थानीय खेलप्रेमी वा प्रशिक्षक मध्येबाट कार्यपालिकाले तोकेको कम्तीमा एक महिला तथा एक दलित सदस्य सहित – सदस्य ३ जना

घ. जिल्ला खेलकुद विकास समितिले तोकेको – सदस्य १ जना

ङ. पालिकाको सामाजिक विकास समितिको संयोजकले तोकेको – सदस्य १ जना

च. सामाजिक विकास समितिको सदस्य सचिव – सदस्य सचिव १ जना

माथि उल्लेखित सदस्यहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यात्तीले पालिका खेलकुद विकास समितिको अध्यक्षता ग्रहण गर्नेछ।

आ. उल्लेखि सदस्यहरू मध्येवाट पालिका खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नु पर्ने छ।

**५) पालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ। सदस्य सचिवको हकमा पलिकाको निर्णय अनुसार हुनेछ।**

**६) अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा प्रमुख समक्ष र सदस्यले खेलकुद विकास समिति अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ।**

**७) पदावधि वाकी हुनै कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ती भएको हो सो पदमा वाँकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुनेछ।**

**८) समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्ता वोलाउन सक्नेछ। साथै त्यसरी रिक्त भएको पदमा वाँकी अबधिका जुन प्रकारले नियुक्ति भएको छ सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्ने छ।**

**९) समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय वमोजिम योग्यता पुगेको हुनपर्ने छ।**

क. १८ वर्ष उमेर पुगेको नेपाली नागरिक।

ख. पालिका क्षेत्रभित्रको स्थायी वासिन्दा (सदस्य सचिव वाहेक) वा कार्यरत भएको।

ग. खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको।

घ. प्रचलित कानुनले अयोग्य नभएको।

## १०) अध्यक्षको काम, कर्तव्य र अधिकार

क. पालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

ख. खेलकुद प्रतियोगिताहरूको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरूको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने।

ग. जिल्ला, स्थानीय/प्रदेश राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने।

घ. पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरू गर्ने

ङ. समितिले तोकेको अन्य कार्यहरू गर्ने /गराउने।

## ११) सदस्य सचिवको काम, कर्तव्य र अधिकार

क. खेलकद समिति/संस्था दर्ता अनुसूची २ अनुसार प्रमाण पत्र प्रदान गर्ने।

ख. समितिको प्रशासनिक प्रमखको रूपमा कार्य गर्ने।

ग. समितिलाई नीतिगत रूपमा सरसल्लाह प्रदान गर्ने।

घ. समितिको निर्णय कार्यान्वयन गर्ने।

ङ. निर्णयानुसार कोषको खर्च खाता सञ्चालन गर्ने।

च. बैठकका लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने।

छ. बैठक निर्णय लेखन र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने।

ज. खर्चमा मित्तव्यायीता अपनाउने र नियन्त्रण कायम गर्ने।

**१२) समितिको काम, कर्तव्य र अधिकार**

क. अनुसूची १ अनुसार खेलकुद सदस्य दर्ताका लागि आएका निवेदन किनाराका लागि निर्णय गर्ने ।

ख. समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्धन गर्ने ।

ग. गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

घ. तोकिएको अनुसचीमा खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहन गर्ने ।

ङ. सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाँउ सभाको बैठक अगाडी प्रमुख समक्ष पेश गर्ने ।

च. गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेको कार्यक्रमहरू संचालन गर्ने गराउने ।

छ. खेलकुद क्षेत्रका प्रतियोगिताहरू आयोजना गर्न सहयोग गर्ने ।

ज. खेलाडी, प्रशिक्षक, निर्णायकहरूलाई तालिम गराउने, प्रतियोगिताहरूमा सहभागी गराउने ।

झ. खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गराउने

ञ. खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरूलाई सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने र समितिले सम्मान, पुरस्कृत गर्ने ।

ट. तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

ठ. खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापनहरूको बारेमा कृति प्रकाशन गर्ने ।

ड. खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

ढ. वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

ण. सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरू गर्ने गराउने।

त. गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

थ. बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

द. गाउँपालिका वा अन्य गाउँपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा रैनादेवी छहरा गाउँक्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

ध. खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानिय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

न. गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

प. खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने

फ. गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

## परिच्छेद–४
## प्रतियोगिता व्यवस्थापन

**खेलकुद प्रतियोगिता व्यवस्थापन**

**१३) गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका टिम, क्लबहरू मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ।**

**१४) पालिका खेलकुद विकास समिति आफैले वा पालिकाभित्र टिम, क्लबहरू मार्फत स्थानयि/प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँगै मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ।**

**१५) सल्लाहकार समिति गठन: पालिका खेलकुद विकास समितिले पालिका प्रमुख सँगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ।**

**१६) अन्य उपसमितिको गठन: पालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।**

**१७) वडा स्तरीय खेलकुद समिति गठन गर्ने: गाँउ खेलकुद समितिले गा.पा. भित्रका सबै वडाहरूमा खेलकुद विकास गर्नका लागि ५ सदस्य तपसिल अनुसारको वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्नेछ।**

क. वडा अध्यक्षले तोकेको सदस्य –अध्यक्ष

ख. स्थानीय खेलप्रेमी वा प्रशिक्षक मध्येवाट वडा कार्यापालिकाले मनोनित गरेका एक जना महिला तथा १ जना दलित सहित–३ जना सदस्य

घ. वडा सचिव –१ जना सदस्य सचिव

## परिच्छेद –५
## टीम, क्लब र संघसंस्थाहरूको दर्ता र व्यवस्थापन

**पालिका क्षेत्रभित्रका टीम, क्लब र संघसंस्थाहरूको दर्ता र व्यवस्थापन**

**१८) १. रैनादेवी छहरा गाउँपालिका भित्रका टीम, क्लब र समिति र संस्था आदिले पालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेका दस्तुर बुझाई संस्था दर्ता गर्नु पर्नेछ।**

२. संस्था दर्ताका लागि आवस्यक कागजातहरू

क) संस्थाको विद्यानको मस्यौदा।

ख) आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ग) संस्थाको छापको नमूना।

**१९) दर्ता भएका टीम, क्लब, संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी पालिका खेलकुद विकास समितिबाट स्वीकृत लिनुपर्नेछ । स्वीकृतको प्रक्रिया पालिका खेलकुद समितिले तोके बमोजिम हुनेछ।**

**२०) दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ।**

**२१) गाउँपालिकामा दर्ता भई पालिका खेलकुद समितिबाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरूले पालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई पालिका खेलकुद विकास समितिको निर्णय तथा सिफारिस अनुसार आवश्यकता तथा औचित्यता अनुरुप गाउँकार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।**

## परिच्छेद –६
## कार्यक्रम संचालन

**कार्यक्रम संचालन तथा व्यवस्थापन**

**२२) गाउँ खेलकद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरू संचालन गर्न सक्नेछ।**

क. पालिका क्षेत्र भित्र खेलकद लगायत विविध क्रियाकलापहरू संचालन गर्नेछ ।

ख. खेलकद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाइ तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ. पालिकाको कला, संस्कृति  र खेलकद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरूको याली वा बैठक बोलाउन सक्नेछ ।

ङ. राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरूलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद –७
## खेलाडी तथा प्रशिक्षक सुबिधा

**खेलकुद प्रतियोगिताका खेलाडी तथा प्रशिक्षक सुबिधा**

**२३) खेलकुद प्रतियोगिताका खेलाडी तथा प्रशिक्षकको सुविधा सम्बन्धमा पालिका खेलकुद विकास समितिको निर्णय तथा सिफारिस अनुसार आवश्यकता तथा औचित्यता अनुरुप गाउँकार्यपालिकाको निर्णय तथा प्रचलित नियमानुसार आवश्यक सुविधा उपलब्ध गराउन सक्नेछ ।**

**२४) गाउँ खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।**

## परिच्छेद –८
## कोषको व्यवस्था

**पालिका खेलकुद विकास कोषको व्यवस्था**

**२५) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा पालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।**

**२६) कोषका श्रोतहरू देहाय बमोजिम हुनेछ।**

क. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम।

ख. गाउँपालिकाबाट प्राप्त रकम।

ग. विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

घ. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम।

ङ. पालिकाभित्र टीम, क्लबबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क।

च. समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम।

**२७) यस कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धती पालिकाको लेखा पद्धती सरहनै हुनेछ।**

**२८) पालिका खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षको अनुमतीले सदस्य सचिवले त्यस्तो**

**खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमादन गराउने पर्नेछ । यस्तो खर्च एक पटकमा रु.२५०००।– भन्दा बढी हुने छैन ।**

**२९) कोषको रकम खेलकद गतिविधि सञ्चालनका अतिरिक्त खेलकद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।**

**३०) कोषको कूल आम्दानीको २०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा पालिकाको स्वकृति लिन पर्नेछ ।**

## परिच्छेद –९
## पूर्वाधार तथा मर्मत

**खेलकुद पूर्वाधार तथा मर्मत**

**३१) कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।**

**३२) विशेष तरिकाले मर्मत गर्न सम्बन्धी प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर, रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।**

**३३) खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।**

## परिच्छेद –१०
## आचारसंहिता

**३४) आचारसंहिताः खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सभासदले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछः**

क. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन।

ख. खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन। तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ।

ग. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर, कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ।

घ. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागिता समेत गराइने छैन।

ङ. खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतैबेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर, कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा * अर्को दर्तावाल क्लवलाई उपहार दिन भनेवाधा पर्ने छैन।

च. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन। तर, संरक्षण गर्न बाधा पर्ने छैन।

छ. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

ज. खेलाडीहरूलेआपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरू वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

झ. खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।

ञ. गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

ट. यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्थाहरूले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

**३५) सौजन्यता**: दर्तावाला संस्थाहरूले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकंको पूर्व स्वीकृति लिनुपर्नेछ। तर गाउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन।

**३६) वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई पालिका खेलकद समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।**

## परिच्छेद –११
## संस्थाको विघटन र जरिवाना

**३७) जरिवानाः दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरूले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ।**

क. पाँच वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन।

ख. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ।

**३८) संस्थाको विघटनः दर्ता भएको खेलकुदका संस्थाहरू देहायको अवस्थामा विघटन हुन सक्नेछन्:**

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग. संस्थाका पदाधिकारी निष्कय भरमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा।

**३९) विघठित संस्थाको सम्पत्तिः विगठीत भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ।**

## परिच्छेद –१२
## बिविध

१. गाउँपालिकाले तोके वमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइनबोर्ड हुनेछ ।

२. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी गर्नुपर्नेछ।

३. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ।

४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्न परेमा वा विवाद भई अन्तिम निर्णय दिनुपरेमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ।

५. स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ।

   क. गाउँ खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

   ख. समितिका सदस्यहरूलाई बैठक वस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु.१०००।– का दरले नियमानुसार कर कट्टा गरि उपलब्ध गराइनेछ।

   ग. गाउँ खेलकुद विकास समिति सयोजकलाई वडा स्तरीय खेलकद विकास समिति अनुगमन गर्न वा खेलकद सम्बन्धी अन्य कार्यको लागि खटाउन सकिने छ । गाउँपालिका अध्यक्षको स्वीकृतिले खटाउदा निजलाइ अधिकृत स्तरको कर्मचारीले पाए सरह दैनिक भत्ता पाउने गरि अनुगमनमा खटाउन सकिने छ।

घ. यो कार्यबिधी स्विकृत हुनु अगाडी गरिएका कार्यहरू तथा गठन भएका उपसमिति, क्लव, संघ संस्था यसै बमोजिम भएको मानिने छ।

४०) **खारेजी र बचाऊ**: यस अघि प्रचलित खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरू खारेज हुनेछ । यस अघि भएका खेलकुदका गतिविधीहरू र गरिएका कार्यहरू तथा गठन भएका उपसमिति, क्लव, संघ संस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची–१
(दफा १८ सँग सम्बन्धित)

मिति

.............................................

.........................................

**विषय : संस्था दर्ता सम्बन्धमा।**

म/हामी तपशिलमा लेखिएको विवरण अनुसारको खेलुकद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरूको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विद्यान यसै निवेदन साथ संलग्न राखि विद्यान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेका छु/छौँ। नियमानसार संस्था दर्ता गरिदिनहुन अनरोध छ।

संस्थाको नाम र कार्यालय रहने स्थान : .............................................

रैनादेवी छहरा गाउँपालिका वार्ड नं. : .......................

टोलको नाम: ..............................

अध्यक्ष र सचिवको नाम :

मिति :

सम्पर्क नं. :

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :

क) संस्थाको विद्यान को मस्यौदा।

ख) आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ग) संस्थाको छापको नमूना।

हस्तक्षर
निवेदकको नाम
पद

अनुसूची–२

(दफा ११ को उपदफा क सँग सम्बन्धित)

मिति

............................................

.......................................... ।

विषय: संस्था दर्ता प्रमाण पत्र ।

संस्थाको नाम: .......................................................

ठेगाना: ........................................

दर्ता हँदाको बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या .........................

दर्ता हँदाका बखत रहन भएको अध्यक्षको नाम ............... ................ .........

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संख्या दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । रैनादेवी छहरा गाउँपालिकाको खेलकद समिति कार्यविधि र विद्यानको अधीनमा रही खेलकद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनमति दिईएको छ।

कार्यपालिकाबाट स्विकृत मितिः २०८०/०३/२९

आज्ञाले

**दिनेश सारू**

प्रमुख प्रशासकीय अधिकृत